● वर्ष ८ ● अंक २३६ ● काठमाडौं, शुक्रबार, १७ माघ, २०६५ ● नेपाल संवत् ११२९ ● www.rajdhani.com.np ● RAJDHANI Nepali National Daily ● Kathmandu, Friday, 30 January, 2009 ● पृष्ठ : ८

लोकप्रिय राष्ट्रिय दैनिक

राजधानी



CUSTOMER COPY

ग्राह
● पत्रिक
● गुनार
● नयाँ
● नवीक
तुरुन्त
उत्स

# देउराली-जनता उन्नाइसौं वर्षमा

राजधानी समाचारदाता
काठमाडौं, १६ माघ

औषधि उत्पादनसम्बन्धी कारोबार गर्दै आएको देउराली जनता फर्मास्युटिकल्स प्रालि बिहीबारदेखि १९औं वर्षमा प्रवेश गरेको छ ।

मुटुरोग, स्नायुरोग जस्ता मानव शरीरका लागि आवश्यक पर्ने औषधिलगायत अन्य एक सय ३० थरीका औषधि उत्पादन गरी मुलुकको आन्तरिक माग पूरा गर्दै आइरहेको प्रालिले जनाएको छ । अन्तर्राष्ट्रिय प्रविधि आइएसओ १४ हजार १ र आइएसओ ९ हजार १ तथा डब्लूएचओ र जीएमपीका प्रमाणीकरण गरी नेपालमा उच्च गुणस्तरका औषधिको उत्पादन गर्दै आइरहेको सो प्रालिको स्थिर पुंजी २१ करोड ४० लाख र चालू पुंजी १६ करोड ६० लाख रहेको छ ।

हाल एक सय ३० भन्दा बढी प्रकारका स्वदेशी उत्पादनलाई नेपाली बजारमा बिक्री वितरण गरिरहेको यस उद्योगमा प्राविधिक, दक्ष र अर्धदक्ष गरी दुई सय ५० जना कर्मचारी कार्यरत छन् । सो उद्योगको १८औं वार्षिक उत्सवका अवसरमा आयोजित कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सहसचिव भुपेन्द्रबहादुर थापाले नयाँ उत्पादन बजारमा ल्याउन प्रविधिमा सुधार गर्दै जानुपर्ने बताए ।

हरेक वर्ष देउराली जनतालाई नयाँ उचाइमा गइरहेको देख्दा गौरव लागेको बताउँदै उनले विभिन्न मुलुकबाट आयात गरिने औषधिजन्य उत्पादनलाई बन्द गराइ स्वदेशी उत्पादन प्रयोग गर्ने बातावरण मिलाउन सरकार लागिपरेको जानकारी गराए ।

नेपाल औषधि व्यवस्था विभागका महानिर्देशक राधारमण शाहले स्वदेशी औषधिजन्य उत्पादनको प्रवर्द्धनका लागि सरकारले बजार अनुगमनको कार्यलाई तीव्रताकासाथ अगाडि बढाएको बताए ।

प्रालिका कार्यकारी निर्देशक हरिभक्त शर्माको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा स्थानीय समाजसेवी चन्द्रविनोद चालिसेले हाल बजारमा सस्ता गुणस्तरहीन औषधि भित्रिरहेकाले गुणस्तरीय स्वदेशी औषधि व्यवसाय सञ्चालन गर्न गाह्रो परिरहेको बताए ।

फितलो सरकारी नीतिका कारण न्यून गुणस्तरका सस्ता औषधिको आयात बढेको बताउँदै उनले राजनीतिक हस्तक्षेप र ऊर्जा संकटले सञ्चालित उद्योगहरू धराशयी अवस्थामा पुगेको दाबी गरे ।

सो कार्यक्रममा प्रालिका कार्यकारी निर्देशक शर्माले उद्योग सञ्चालनको वर्तमान अवस्था र भविष्यमा गर्दै जाने विवध कार्यक्रमका बारेमा जानकारी गराउँदै प्रालिले हालसम्म सामाजिक उत्थानको भावनाले विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको बताए ।

उनले जानकारी गराएअनुसार विगत दुई दशकभन्दा पहिलेदेखि सधैं छिमेकी मुलुक भारत र अन्य समुन्द्रपारीका मुलुकबाट आयातित औषधिमा भरपर्ने मुलुकमा अहिले औषधिको माघको ३५ प्रतिशत औषधि स्वदेशी औषधि उद्योगले उत्पादन गरिरहेका छन् ।

प्रालिले आफ्नो १८औं वार्षिक उत्सवको अवसर पारेर १५ वर्षभन्दा बढी सेवा गर्दै आएका कर्मचारीलाई कदरपत्र र १० वर्षभन्दा बढी सेवाअवधि पुगेकाहरूलाई प्रशंसापत्र वितरण गरेको थियो ।

यसैबीच, आर्थिक पत्रकार गजेन्द्र बुढाथोकीलाई सो प्रालिले १० हजार एक सय रुपैयाँ सहयोगस्वरूप दिने बताएको छ । प्रालिका कार्यकारी निर्देशक शर्माले सामाजिक कार्यको भावनलो सो सहयोग गर्ने निर्णय गरेको जानकारी गराए ।